जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २४४ २०७९ साल वैशाख १९ गते सोमबार (2 May 2022 Monday) मूल्य रु. ५/-

बालविवाह सामाजिक र कानूनी अपराध हो।

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : दलका घोषणापत्रमा विपद ... ३ पृष्ठमा : अफगानिस्तानमा भएका ... ४ पृष्ठमा : सत्र जिल्लामा मात्रै ...

# चुनावी मैदानमा साढे पाँच हजार उम्मेदवार

**दैनिक समाचारदाता**
**राजविराज, १८ वैशाख ।**

आउदो बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि सप्तरीबाट साढे पाँच हजार उम्मेदवार चुनावी मैदानमा उत्रेका छन् ।

सप्तरीमा पाँच हजार ६१९ जनाको मनोनयन दर्ता भएकोमा २२ जनाको उम्मेदवारी रद्द र ७३ जनाले मनोनयन फिर्ता लिएपछि अहिले पाँच हजार ५२४ जना चुनावी प्रतिस्पर्धामा होमिएका छन् ।

उम्मेदवारी दर्ता, दाबी विरोध, फिर्ता र अन्तिम नामावली प्रकाशन भएपछि उम्मेदवारले घरदैलो अभियानलाई तीव्रता दिएका छन् ।

उम्मेदवारले आफ्नो प्रतिवद्धतापत्र, निर्वाचन चिन्ह अङ्कित प्रचारसामग्रीसहित मत माग्न मतदाताको घरदैलोमा पुग्न थालेका छन् । जिल्लाको सबैभन्दा धेरै ३९ हजार ६९२ मतदाता रहेको राजविराज नगरपालिकासहित अन्य पालिकामा नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा ( माओवादी केन्द्र), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टीलगायत दलका उम्मेदवारले घरदैलो अभियान सुरु गरेका छन् ।

बिहान ८ बजेदेखिनै कार्यकर्ता लिएर उम्मेदवार घरदैलोमा पुग्ने गरेको राजविराज-५ का गोविन्दलाल श्रेष्ठले बताउनुभयो । घरदैलोसहित उम्मेदवारले टोल भेला गरेर कोणसभा गरिरहेका छन् । राजविराज नगरपालिकामा कांग्रेसका तर्फबाट प्रमुखमा इर्शाद अन्सारी र उपप्रमुखमा सुशीला यादवले उम्मेदवारी दिनुभएको छ । त्यस्तै नेकपा (एमाले) बाट प्रमुखमा अनिल झा र उपप्रमुखमा सुशीला देवले उम्मेदवारी दिनुभएको छ । माओवादी केन्द्रबाट गत निर्वाचनमा राजपाबाट नगर प्रमुखमा निर्वाचित हुनुभएका शम्भुप्रसाद यादवले प्रमुखमा र प्रमिला साहले उपप्रमुखमा उम्मेदवारी दिनुभएको छ ।

यसैगरी जसपाबाट प्रमुखमा भीमराज यादव र उपप्रमुखमा इसरन परविन तथा लोसपाबाट प्रमुखमा दीपेन्द्र चौधरी र उपप्रमुखमा साधना झाले उम्मेदवारी दिनुभएको छ । झा गत स्थानीय तहको चुनावमा राजपाबाट उपप्रमुखमा निर्वाचित हुनुभएको थियो । निर्वाचन समय नजिकिँदै जाँदा उम्मेदवार घर/घरमा पुगी मत माग्न व्यस्त देखिएका छन् । राजविराज नगरलाई सुव्यवस्थित, समुन्नत र सुन्दर नगरपालिका बनाउने योजनासहित राजविराज नगरपालिकामा १८ जना प्रमुख र ९ जना उपप्रमुख पदमा प्रतिस्पर्धामा उत्रिएका छन् ।

नगरपालिकामा १६ वटा वडा छन् । ती सबै पदमा ६३९ जना चुनावी मैदानमा होमिएको मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले बताउनुभयो । दाबी विरोध र मनोनयन फिर्ता लिने कार्यपछि सप्तरीको ९ वटा नगरपालिकाको प्रमुखमा ९३ जना र उपप्रमुखमा ६९ जनाको उम्मेदवारी कायम रहेको छ । यसैगरी जिल्लाका ९ वटा गाउँपालिकाको अध्यक्षमा १०२ र उपाध्यक्षमा ८० जनाको उम्मेदवारी कायम भएको छ । वडाध्यक्षमा ११९८, सदस्यमा २००९, महिला सदस्यमा १००८ र दलित महिला सदस्यमा ९६५ जनाको उम्मेदवारी कायम रहेको निर्वाचन कार्यालय सप्तरीका जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार सप्तरीमा नगर प्रमुखका दुई र गाउँपालिका अध्यक्षका पाँच उम्मेदवारले मनोनयन फिर्ता लिनुभएको छ ।

बोदे बर्साइन र शम्भुनाथ नगरपालिकामा १/१ जना नगरप्रमुखको उम्मेदवारले मनोनयन फिर्ता लिनुभएको निर्वाचन कार्यालय सप्तरीले जनाएको छ । छिन्नमस्ता, महादेवा, विष्णुपुर गाउँपालिकामा १/१ जना र रुपनी गाउँपालिकामा २ जना अध्यक्षका उम्मेदवारले मनोनयन फिर्ता लिनुभएको छ । यसैगरी बलान बिहुल गाउँपालिकामा एक जना उपाध्यक्ष र एकजना वडाध्यक्षका उम्मेदवारले मनोनयन फिर्ता लिनुभएको छ ।

प्रमुख, अध्यक्ष र उपाध्यक्षका उम्मेदवारसहित सप्तरीमा २५ वडाध्यक्ष, २७ सदस्य, ११ महिला सदस्य र २ दलित महिला सदस्य गरी ७३ जनाले उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सप्तरीले जनाएको छ । सबैभन्दा बढी हनुमाननगर कङ्कालिनी र कञ्चनरुप नगरपालिकाबाट उम्मेदवारी फिर्ता भएको छ । हनुमाननगर कङ्कालिनी नगरपालिकामा ३ वडाध्यक्ष र १२ सदस्य तथा कञ्चनरुप नगरपालिकामा ४ वडाध्यक्ष, ५ सदस्य, ३ महिला सदस्य र १ दलित महिला सदस्यले मनोनयन फिर्ता लिनुभएको छ ।

त्यसैगरी महादेवा गाउँपालिकामा ४ वडाध्यक्ष, २ सदस्य र २ महिला सदस्यले मनोनयन फिर्ता लिनुभएको छ । छिन्नमस्ता गाउँपालिकामा २ वडाध्यक्ष, ४ सदस्य र १ महिला सदस्यले मनोनयन फिर्ता लिनुभएको छ । राजविराज नगरपालिकामा २ वडाध्यक्ष र २ सदस्य, शम्भुनाथ नगरपालिकामा १ वडाध्यक्ष, १ सदस्य र १ दलित महिला सदस्य तथा विष्णुपुर गाउँपालिकामा २ वडाध्यक्ष र १ सदस्यले मनोनयन फिर्ता लिनुभएको छ ।

डाक्नेश्वरी नगरपालिकामा १ वडाध्यक्ष र दुई महिला सदस्य, बोदे बर्साइन नगरपालिकामा २ वडाध्यक्ष तथा रुपनी गाउँपालिकामा १ वडाध्यक्षका उम्मेदवारले मनोनयन फिर्ता लिनुभएको छ । अग्निसाइर कृष्णसवरन र राजगढ गाउँपालिकाका १/१ वडाध्यक्ष, खडक नगरपालिका र तिरहुत गाउँपालिकामा १/१ महिला सदस्य तथा सप्तकोसी नगरपालिकामा १ महिला सदस्यका उम्मेदवारले मात्र मनोनयन फिर्ता लिनुभएको छ । सुरुङ्गा र तिलाठी कोइलाडी गाउँपालिकामा भने कसैको उम्मेदवारी फिर्ता भएको छैन् । मनोनयन फिर्ता लिनुहुनेमा स्वतन्त्रबाट उम्मेदवारी दिनेहरू छन् ।

# दुई दलित महिला सदस्य निर्विरोध

जनकपुर, १८ वैशाख (रासस) ।

आसन्न स्थानीय तह निर्वाचनका लागि जनकपुरधाम उपमहानगरपालिका-५ मा नेपाली कांग्रेसको तर्फबाट दलित महिला सदस्य पदमा उम्मेदवारी दिनुभएको रिपुकुमारी निर्विरोध निर्वाचित हुनुभएको छ ।

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा २५ बमोजिम दलित महिला सदस्यमा रिपुकुमारी निर्विरोध निर्वाचित भएको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिनुभयो । उक्त वडाको दलित महिला सदस्य पदमा अरुको उम्मेदवारी नपरेकोले रिपुकुमारी निर्विरोध निर्वाचित हुनुभएको हो ।

यस्तै महोत्तरीको बर्दिवास नगरपालिका-७ बाट माओवादी केन्द्रको तर्फबाट दलित महिला सदस्यको उम्मेदवार बन्नुभएको कलिमाया निर्विरोध निर्वाचित भएको निर्वाचन कार्यालय बर्दिबासले जनाएको छ ।




नेकपा (माओवादी केन्द्र )का भातृ संगठन अखिल नेपाल ट्रेड युनियन महासंघ सप्तरीले आइतवार राजविराजमा १३३ औं अन्तराष्ट्रिय मजदुर दिवस मनाउने क्रममा निकालिएको र्‍याली ।

*तस्बिर : राजविराज दैनिक*

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# दलका घोषणापत्रमा विपद् व्यवस्थापनका विषय

**नारायण ढुङ्गाना**
काठमाडौँ, १८ वैशाख (रासस)।

स्रोतको मनपरी दोहन र पर्यावरणीय विनाश, जलवायु परिवर्तन, प्राकृतिक घटनालगायत विभिन्न कारणले मुलुकमा विपद्जन्य घटना बढ्दो छ। तथ्याङ्क हिसाब गर्ने हो भने गत दुई वर्ष विपद्जन्य घटनाबाट पाँच/पाँच सय मानिसले अकालमा ज्यान गुमाएका छन्। बाढी, पहिराले ठूलो क्षति गराएको देखिएको छ।

विपद्का घटना बर्सेनि बढ्दो रहेकाले सरकारले त्यस्ता घटना न्यूनीकरण र घटना नै हुन नदिन पूर्वतयारीलाई प्रभावकारी बनाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन गरी कार्य गर्दै आएको छ। विपद्जन्य घटनाप्रति संवेदनशील नहुने हो भने नेपाल अझै ठूलो जोखिममा पर्ने तथ्यले सङ्केत गरिरहेको देखिन्छ। अतिवृष्टि, अनावृष्टि यसका ज्वलन्त उदाहरण हुन्।

गत वर्ष सिन्धुपाल्चोकको हेलम्बु र मेलम्चीमा आएको बाढी र त्यसले पुऱ्याएको क्षति कल्पना बाहिरको कुरा थियो। विकाससँगै विपद्लाई जोड्न सकिएन भने त्यस्ता घटना बढ्नसक्ने विपद् व्यवस्थापन विज्ञको अनुमान छ। युनिसेफले गरेको एक अध्ययनअनुसार विगत २५ वर्षमा देशका ८६ प्रतिशत भन्दाबढी घरधुरीले कुनै न कुनै प्रकारले खडेरीको सामना गर्नुपरेको छ।

जल प्रकोपका कारण हुने मृत्युका हिसाबले नेपाल दक्षिण एसियामा नै सबैभन्दा उच्च जोखिम भएको मुलुकमा पर्छ। भूकम्प र जलप्रकोपबाट बढी क्षति पुग्ने देशमध्ये नेपाल विश्वमा क्रमशः ११औँ र ३०औँ स्थानमा छ। जलवायु परिवर्तनको जोखिमका दृष्टिले नेपाल चौथोमा पर्छ। प्राप्त तथ्याङ्कमा नेपालमा ७० देखि ८० प्रतिशत जनसङ्ख्या कुनै न कुनै विपद्को जोखिममा छन्।

वार्षिक तीन लाख ३५ हजार जनसङ्ख्या प्रत्यक्ष प्रभावित हुने र तीमध्ये ५० प्रतिशत बालबालिका प्रभावित हुने गरेका छन्। त्यसैले नेपालका राजनीतिक नेतृत्वले पनि त्यसपछि गम्भीर हुँदै नीति तया योजना र कार्यक्रममा विपद् व्यवस्थापकलाई मूल मुद्दा बनाएर अघि बढ्नुपर्ने आवश्यकता औँल्याइएको छ।

त्यसैले विपद् व्यवस्थापनमा मुलुकका प्रमुख राजनीतिक दलको ध्यान कत्तिको गएको छ भनेर राससले ती दलका घोषणापत्र अध्ययन गरेको छ। राष्ट्रिय मान्यताप्राप्त प्रमुख छ राजनीतिक दलको घोषणापत्रमा भने विपद् व्यवस्थापनलाई स्थान दिएको पाइएको छ।

**नेपाली कांग्रेस**

सत्तारुढ दल कांग्रेसको घोषणापत्रको समुन्नत नेपालको मार्गचित्र शीर्षकमा विकासको मोडेल जनतामुखी, दिगो र वातावरणमैत्री हुने कुरा उल्लेख छ।

कांग्रेसले 'पाँच वर्षको समीक्षा' शीर्षकको एउटा बुँदा कोरोना महामारी व्यवस्थापनमा स्थानीय निकायको भूमिका अब्बल रहेको ठहऱ्याएको छ। स्थानीय पूर्वाधार शीर्षकमा भूकम्प प्रतिरोधी संरचना निर्माणको सीप प्रदान गरी त्यस्ता दक्ष जनशक्तिबाट मात्र निर्माण गर्ने कुरा समावेश गरेको छ। त्यसको विपद् व्यवस्थापन उपशीर्षकमा भनिएको छ, "भविष्यमा आइपर्ने विपद् व्यवस्थापन र पूर्वतयारीका लागि हरेक वडामा 'विपद् कोष'को स्थापनालगायत व्यवस्थापनका लागि चाहिने उपकरण, औजार एवं दक्ष जनशक्तिसहितको 'द्रुत सहायता कक्ष' को स्थापना गरिनेछ।"

'वातावरण तथा प्राकृतिक श्रोत संरक्षण' शीर्षकमा नेपाली कांग्रेसको घोषणापत्रमा स्थानीय तहले आआफ्नो क्षेत्रमा आउनसक्ने चुनौतीलाई आत्मसात् गर्दै तिनको यथोचित सम्बोधन गर्न सक्षम हुनुपर्ने उल्लेख गरेको छ। स्थानीय तहमा भएको भूबनोट, प्राकृतिक क्षेत्र, नदी, पानी र जलाधारको अवस्था, खेतीयोग्य भूमि, सामाजिक तथा सांस्कृतिक पक्ष आदिले गर्दा प्रत्येक स्थानीय तह विशेष महत्वका रहेको भनिएको छ। त्यस शीर्षकअन्तर्गत विपद् जोखिम विश्लेषण र सम्बोधनको रणनीति उपशीर्षकमा केही कुरा थप गरेको छ।

अनियन्त्रित पूर्वाधार विकास, जलवायु परिवर्तनका नकारात्मक प्रभाव, विषम् वर्षा, खडेरी वा सुक्खाका कारणले हुने बाढी, पहिरो, मानवबस्ती डुबान वा वन डँढेलो जस्ता विपत्तिकाबारेमा सूचना राख्ने, जनतालाई सुसूचीत गर्ने कार्यलाई प्राथमिकताका दिइएको छ। स्थानीय स्रोतबाट निर्माण गरेका बाटो, कुलो, पुलपुलेसा, तालतलैया जस्ता पूर्वाधारको उचित सुरक्षा, संरचनाको अभावमा जोखिमका केन्द्र बन्न गइरहेका हुनाले दिगो विकासका सिद्धान्तअनुरुप विपद् जोखिमका सम्भावित विषयलाई ध्यानमा राखेर निर्माण कार्यको सुनिश्चितता गर्ने कुरा घोषणापत्रमा छ।

यस्तै सम्भावित विपद् जोखिमको आकलन गरी त्यसलाई सम्बोधन गर्ने स्थानीय रणनीति निर्माण गर्ने कुरा उल्लेख छ। बुँदा नम्बर ९ मा जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न विविध विषयगत कुरालाई सम्बोधन गरिएको छ। त्यसका अलावा नेपाली कांग्रेसले छुट्टै 'विपद् व्यवस्थापन' शीर्षकमै बुँदागतरुपमा गर्नुपर्ने कार्य उल्लेख गरेको छ। जसअनुसार नेपालको भौगोलिक अवस्थिति र भूबनोटलगायतका कारणले विपद्को उच्च जोखिम प्रष्टयाउँदै कांग्रेसले भूकम्प, पहिरो, बाढी, आगलागी, चटयाङ, हिमपहिरो, हावाहुरी, शीतलहर, सुक्खा, सवारी दुर्घटना र विभिन्न प्रकारका महामारीलगायतका ५०० भन्दाबढी विपद्का घटना घट्ने जनाएको छ।

त्यसबाट हुने भौतिक संरचना र मानवीय असर एवं क्षतिलाई व्यवस्थापन गर्ने ठूलो चुनौती रहेकाले स्थानीय तहको प्रत्यक्ष भूमिका रहने हुँदा विपद्बाट हुने क्षति कम गर्न र उत्थानशीलता वृद्धि गर्न विपद् जोखिमको पहिचान र मापन कार्यलाई संस्थागतरूपमा सुदृढीकरण गर्दै चार मुख्य सङ्कल्प गरेको छ। उसले विपद् कम गर्न पूर्वतयारी, विपद न्यूनीकरण, विपद्का समयमा राहत/उद्दार, विपद्पछि पुनर्निर्माण समावेश गरिएको छ।

**नेकपा (एमाले)**

प्रमुख प्रतिपक्ष दल नेकपा( एमाले) ले पनि विपद् व्यवस्थापनलाई विषगत क्षेत्रमा केही कुरा समेट्दै 'जलवायु अनुकूलन र विपद् व्यवस्थापन : विकास र वातावरणबीच सन्तुलन' भन्ने छुट्टै शीर्षक राखेर विपद् व्यवस्थापनलाई समेटेको छ। जलवायु परिवर्तनका प्रतिकूल प्रभावबाट समुदायलाई सुरक्षा र पर्यावरणको संरक्षण गर्ने विकास र वातावरणबीच सन्तुलन कायम गर्ने, हरित विकासलाई प्रवर्द्धन गर्ने, जलवायु परिवर्तन र विपद् जोखिमका प्रतिकूल प्रभावबाट संरक्षण र अनुकूलनका लागि आवश्यक जनचेतना, क्षमता अभिवृद्धि, पूर्वसूचना र प्रविधि उपलब्ध गराउने सङ्कल्प एमालेको छ।

एमालेको घोषणापत्रमा जलवायु परिवर्तन र विपद् जोखिमबाट प्रभावित र उच्च जोखिममा रहेका समुदाय र बस्तीको संरक्षण गर्ने, बाढी, पहिरो नियन्त्रण, जलउत्पन्न जोखिम न्यूनीकरण र जलस्रोतको बहुउपयोग गर्ने, विपद् जोखिमको नक्साङ्कनका आधारमा प्राकृतिक विपद्को सामना र पूर्वतयारी गर्ने कुरा समावेश छ।

एमालेले आपत्कालीन उद्धार, राहत एवं पुनर्निर्माण तथा पुनःस्थापनाको आवश्यक तयारी गर्ने र यसका लागि बन्दोबस्तीका सामग्री तयारी अवस्थामा राख्ने, एकीकृत र सुरक्षित बस्ती विकास गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय गर्ने, विपद्बाट हुने मानवीय तथा भौतिक क्षति रोक्न भूसंरक्षण तथा पहिरो नियन्त्रणसम्बन्धी कार्य, नदी तटबन्ध तथा बाढी नियन्त्रणसम्बन्धी कार्य तर्जुमा गर्ने, भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने, वन डढेलोबाट हुनसक्ने क्षति रोक्ने, प्रतिकारात्मक तथा उपचारात्मक कार्यक्रम तय गर्ने प्रतिबद्धता जनाएको छ।

यस्तै घोषणापत्रमा समुदायमा आधारित जलवायु अनुकूलन योजना लागू गर्ने, जलवायु कोषबाट प्राप्त हुने सहायता जलवायु जोखिमयुक्त समुदायमा केन्द्रीत गर्ने, जलवायु अनुकूलनका लागि समुदायका परम्परागत सीप, ज्ञान र प्रविधिलाई उपयोग गर्ने कुरा समावेश छ। यसका अलावा वन संरक्षण र वृक्षरोपण, जमिनमा पानी पुनःभरण, वर्षाको पानी संरक्षण पोखरी निर्माण, जलाधारको विकास, वातावरणमैत्री विकास निर्माणमा जोड दिइएको छ।

अन्य विभिन्न क्षेत्रअन्तर्गत पनि विपद् व्यवस्थापनका कुरालाई समावेश गरेको पाइन्छ। जसअनुसार 'निरोगी नेपाल स्वस्थ नेपाली' शीर्षकको एउटा बुँदामा एमालेले महामारी, विपद् तथा अन्य स्वास्थ्य जोखिमको व्यवस्थापन गर्ने, स्वास्थ्यका लागि हानिकारक खाद्यपदार्थको नियमन, सबै खाद्यवस्तुको मापदण्ड निर्धारण र गुणस्तर अनुगमन गर्ने उल्लेख छ।

'सहज आवागमनको आधारः दिगो यातायात पूर्वाधार'अन्तर्गत सडक निर्माण गर्दा यसको दिगोपन, लाभ र पर्यावरणीय प्रभावको अध्ययन गरी मापदण्ड पालनाको अनिवार्य व्यवस्था गर्ने, जथाभावी डोजर प्रयोगलाई निरुत्साहित गर्ने विषयमा जोड छ।

यस्तै 'एकीकृत बस्ती, योजनाबद्ध सहरी विकास : विकसित पालिका, सुरक्षित आवास' शीर्षकमा विपद् पीडित आवास कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्ने, जोखिमयुक्त आवास र बस्ती निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा बस्ती विकाससम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने कुरा समावेश छ। 'सबल राष्ट्रका लागि स्वस्थ र सिर्जनात्मक युवा' शीर्षकमा विपद् महामारी, विकास निर्माण, सरसफाइ तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवद्धिका लागि हरेक पालिकामा युवा स्वयंसेवकको स्थायी संयन्त्र निर्माण गर्ने, विपद् व्यवस्थापन प्राधिकरणलगायत राज्यका संरचनासँग समन्वय गर्ने कुरा उल्लेख छ।

**जनता समाजवादी पार्टी**

सत्ता गठबन्धन दल (जनता समाजवादी पार्टी)को घोषणापत्रमा विपद् व्यवस्थापनका विषय कम प्राथमिकता परेको पाइएको छ। उसको १६ पृष्ठको घोषणापत्रमा विपद् व्यवस्थापनको शीर्षक समावेश छैन।

उक्त पार्टीले 'वातावरणसम्बन्धी नीति' शीर्षकमा केही सामान्य कुरा समेटेको पाइन्छ। जसअनुसार भौतिक पूर्वाधार निर्माण, विकास योजना सञ्चालन तथा आर्थिक क्रियाकलाप गर्दा वातावरणीय दीगोपनलाई उच्च महत्व दिइने उल्लेख छ। उसले खुला आकास, शुद्ध वायु, स्वच्छ जल र हरित वातावरण' नारा तय गरी कार्यान्वयन गर्ने सङ्कल्प गरेको छ।

बाढी, पहिरो, डुबान, कटानको सम्भावित जोखिमलाई कम गरिने,

*बाँकी तीन पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझ्पन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

## दलका ...

जैविक विविधता, वन्यजन्तु, चराचुरूङ्गी, जलचर, खानी तथा खनिज पदार्थ तथा पानीका स्रोत आदिको संरक्षण गरिने कुरा समावेश छ। तापमान वृद्धि र जलवायु परिवर्तनका दुस्प्रभाव अनुकूलन गर्ने प्रयास गरिने उल्लेख छ।

अव्यवस्थित बसोबास पहिरो, नदी किनार र जङ्गलको छेउमा भएमा अन्यन्त्र सार्न पहल कुरा उल्लेख गरेको छ। 'भौतिक पूर्वाधार' शीर्षकमा अधिक वर्षा, बाढी, डुबान, कटानको समस्यालाई हल गर्न स्थानीय नदी प्रणालीलाई पुनःजीवित गरिने र फोहरको नियमित तथा वैज्ञानिक व्यवस्थापन गर्ने प्रतिबद्धता जनाइएको छ।

उसले राष्ट्रिय नीतिमा पर्यावरणीय संरक्षण र दिगो विकासको नीति अनुसरण गरिने तथा नेपालमा चुरेलगायतका पर्वत र नदीजन्य, वनजन्य पदार्थको दोहनलाई कडाइपूर्वक नियन्त्रण गरिने उल्लेख गरेको छ।

**नेकपा (एकीकृत समाजवादी)**

सत्ता गठबन्धन दल नेकपा (एकीकृत समाजवादी) पार्टीले पनि विपद् व्यवस्थापनलाई केही प्राथमिकता दिएको छ। विनायोजना डोजर प्रयोग गरी सडक खन्ने प्रवृत्तिलाई रोक लगाउने विषय पनि विपद् व्यवस्थापको एउटा पाटोका रुपमा हेर्न सकिन्छ।

उसले 'जोखिम व्यवस्थापनसहितको विकास, विपद्मा सहयोगी समाज' शीर्षकमा विपद् व्यवस्थापनका विषय बुँदागतरुपमा राखेको छ। आजसम्म भएका धेरैजसो भौतिक विकास निर्माणका कामलाई वैज्ञानिक तरिकाले सम्भावित विपद् र जोखिमका बारेमा संवेदनशील बनाउन नसकेको निष्कर्ष निकाल्दै उक्त पार्टीले कतिपय अवस्थामा हाम्रा विकासका क्रियाकलापले झन धेरै विपद् जोखिम निम्त्याएको बताएको छ।

उक्त पार्टीले अबको विकास निर्माणको काम विज्ञानमा आधारित विपद् जोखिम संवेदनशील विकास अवधारणाअनुसार गर्नुपर्ने कुरामा जोड दिएको छ। त्यसो हुँदा मात्र विपद् संवेदनशील विकास हुने र विपद् उत्थानशील समाज निर्माण हुने निष्कर्ष उक्त पार्टीको छ। यसका लागि जनप्रतिनिधिमार्फत स्थानीय विपद् तथा जलवायु उत्थानशीलतासम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन गरी विपद्बाट जनधनको क्षति न्यूनीकरण गर्न आवश्यक पूर्वतयारी गरिने सङ्कल्प गरिएको छ।

घोषणापत्रमा समग्र समुदाय तथा वडाकोसमेत सङ्कटापन्नता तथा क्षमता विश्लेषण गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यको योजना बनाई कार्यान्वयन गरिने, डुबान, बाढी, पहिरो जस्ता विपद्बाट जनधनको क्षति कम गर्न पूर्वचेतावनी प्रणालीको विकास गरिने बताइएको छ। जोखिम संवेदनशील भूउपयोग विश्लेषण गरी जोखिमरहित स्थानमा मात्र बस्ती बसाउन आवश्यक कदम चालिने तथा विपद्बाट हुने आर्थिक एवं भौतिक क्षतिलाई सम्बोधन गर्न कृषि, घरेलु तथा साना उद्योगलाई सहुलियत दरमा बीमाको व्यवस्था गरिने घोषणापत्रमा समावेश छ।

यस्तै स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको प्रयोग बढाउने र विपद् व्यवस्थापनमा प्रयुक्त हुने परम्परागत रैथाने अभ्यासलाई बढावा दिइने उल्लेख छ।

**नेकपा (माओवादी केन्द्र)**

सत्ताघटक दल नेकपा (माओवादी केन्द्र) ले यसपाली स्थानीय तह केन्द्रित आफ्नो घोषणपत्र नै बनाएन। स्थानीय तह आफैँले आफ्नो क्षेत्रअनुसार स्थानीय आवश्यकताका आधारमा घोषणापत्र बनाउन निर्देश गरिएअनुसार घोषणापत्र बनेका छन्।

यद्यपि माओवादीले निर्वाचन केन्द्रित अपिल भने सार्वजनिक गरेको छ। जसमा 'वन तथा जैविक विविधता : समृद्धिका लागि वन कार्यक्रम' शीर्षकमा केही विषय भने समेटेको छ। जसमा हरेक पालिकामा जलवायु परिवर्तन अनुकूलित नमूना गाउँ निर्माण गरिने, वनरहित स्थानीय तहमा वृक्षरोपणको विशेष कार्यक्रम सञ्चालन गरिने, शहरी वन कार्यक्रम लागू गरिने, प्रदूषण नियन्त्रण, हरियाली प्रवर्द्धन र फोहरमैला व्यवस्थापनका लागि स्वच्छ वातावरण अभियान हरेक पालिकामा सञ्चालन उल्लेख गरेको छ।

वन सम्पदालगायत प्राकृतिक स्रोत साधनमाथि समुदायको अग्राधिकारलाई सुनिश्चित गरिने तथा सामुदायिक वन उपभोक्त समूहलाई थप सवलीकरण गरिने अपिलमा छ। यसले प्रत्यक्ष विपद् व्यवस्थापनको कुरा नगरे पनि दीर्घकालीन विपद् व्यवस्थापन रणनीतिसँग मेल खाने कुरा समावेश गरेको पाइन्छ।

**लोकतान्त्रिक समाजवादी पार्टी**

तत्काल एवं गुणस्तरीय विपद् व्यवस्थापन शीर्षकमा बुँदागतरुपमा घोषणापत्रमा समावेश गरेको छ। वैज्ञानिक योजना बनाएर बृहत् बाँध र कल्भर्ट निर्माण, वर्षायामको पानीको उचित निकास, चुरे भावरको प्रभावकारी संरक्षण एवं व्यापक वृक्षरोपणमा जोड दिएको छ।

यस्तै अन्य प्राकृतिक विपद्को अवस्थामा स्थानीय सरकार सधैँ तयारीमा रहने कुरा घोषणापत्रमा उल्लेख छ। उक्त पार्टीले विपद्को पूर्वतयारी, विपद्का बेला गर्नुपर्ने उद्धार तथा राहत एवं पुनःस्थापनमा कार्यलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिएको छ।

## गठबन्धनको भावनाअनुसार निर्वाचनमा होमिन निर्देशन

काठमाडौँ, १८ वैशाख (रासस)।

सत्ता गठबन्धनको बैठकले स्थानीय तह निर्वाचनमा समझदारी अनुरुप काम गर्न आ-आफ्ना दलले आ-आफ्ना मातहतका निकायलाई निर्देशन दिने निर्णय गरेको छ।

स्थानीय तह निर्वाचनको आन्तरिक तयारी र अनुगमन गर्ने संयन्त्रको आइतबार बसेको बैठकले गठबन्धनका साझा उम्मेदवारका विरुद्ध मनोनयन दर्ता गराएका उम्मेदवारलाई कारबाही गर्ने निर्णय गरेको हो।

पाँच दलीय गठबन्धनमा समझदारी भएको तर समझदारी अनुरुप उम्मेदवारी फिर्ता नलिएको तथा फिर्ता लिने समय अपुग भएका स्थानहरुमा समझदारी अनरुप कार्य गर्न गराउन आ-आफ्ना दलले आ-आफ्ना मातहतका निकायहरुलाई निर्देशन दिने निर्णय बैठकले गरेको छ।

बैठकले गठबन्धनको मर्म र भावना अनुरुप आपसी एकता कायम गर्दै निर्वाचनमा सक्रियतापूर्वक जिम्मेवारी पूरा गर्ने निर्णय पनि गरेको छ। यो निर्णय पालना नगर्नेलाई आ-आफ्ना दलले कारबाही गर्ने निर्णय पनि संयन्त्रको बैठकले गरेको छ। केही दिन अगाडि सबैको सत्ता गठबन्धनमा आबद्ध पाँच दलका शीर्ष नेताको बैठकले महानगर, उपमहानगरको प्रमुख र उपप्रमुख बाँडफाँटको विषय टुङ्गो लगाएको थियो।


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## अफगानिस्तानमा भएका निरन्तर आक्रमणको संयुक्त राष्ट्रसंघद्वारा निन्दा

संयुक्त राष्ट्रसंघ, १८ वैशाख (रासस/सिन्हवा)।

अफगानिस्तानमा पछिल्ला केही दिनयता निरन्तररुपमा हमला भइरहेकामा संयुक्त राष्ट्रसंघद्वारा निन्दा गरिएको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले सो निन्दा गरेको हो। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को शनिबारको बैठकले पछिल्ला हप्तामा अफगानिस्तानमा हिंसात्मक आक्रमणका घट्ना हुनु दुःखद् भएको जनाएको हो। पछिल्ला हप्तामा यहाँ हत्या हिंसाका शृङ्खला बढ्दै गएका र यी आक्रमणले यहाँका सर्वसाधारण नागरिकलाई लक्ष बनाएकाले यसप्रति सुरक्षा परिषदले चिन्ता व्यक्त गरेको छ। अफगानिस्ताजमा मजार ए शरिफमा रहेको एक मस्जिदमा गत बिहीबार हमला हुँदा कैयौं नागरिकको ज्यान गएको थियो। त्यसैगरी शुक्रबार कुन्दुजमा दुई बसमा बम हमला भएको र सर्वसाधारण नागरिकको ज्यान गएको थियो। यहाँका अल्पसंख्यक धार्मिक समुदायका नागरिकमा हुने गरेको हमलाको संयुक्त राष्ट्रसंघद्वारा निन्दा गरिएको र दोषीमाथि कडा कारबाहीको माग गरिएको छ।

## भारतमा २४ घण्टामा तीन हजार ३२४ कोरोनाका नयाँ संक्रमित

नयाँदिल्ली, १८ वैशाख (रासस/सिन्ह्वा)।

भारत २४ घण्टाको समयावधी अर्थात शनिबार मधयरातिसम्म तीन हजार ३२४ व्यक्ति कोरोनाका थप सङ्क्रमति भएपछि यहाँ कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ३० लाख ७९ हजार १८८ जना पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार बिहान जानकारी दिएको छ। विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस सङ्क्रमणको पुनः नयाँ सङ्क्रमितको सङ्ख्या तीन हजार नाघेको यो लगातार चौथो दिन हो। २४ घण्टाको समयावधी भएका यी नयाँ सङ्क्रमितमध्ये एक हजार ५२० राष्ट्रिय राजधानी दिल्लीका रहेका समाचारमा जनाइएको छ। हाल राजधानीमा पाँच हजार ७१६ सक्रिय सङ्क्रमित रहेका पनि थप जानकारी दिइएको छ। यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ४० को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पाँच लाख २३ हजार ८४३ पुगेको छ। भारतभरी अझै पनि सक्रिय सङ्क्रमित १९ हजार ९२ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ। भारतमा केही महिनायताबाट सक्रिय सङ्क्रमित घट्ने क्रम जारी रहेको थियो। तर केही हप्तायताबाट सक्रिय सङ्क्रमति बढेको पाइएको छ। चौविस घण्टाको समयावधी अर्थात बिहीबार मध्यरातिसम्म दुई हजार ८७६ जना कोरोना निको भएका छन्। यसैसँगै हालसम्म चार करोड २५ लाख ३६ हजार २५३ जना सफलतापूर्वक कोरोना सङ्क्रमण निको भएर अस्पतालबाट डिस्चार्ज भएका छन्।

## बसमा बम विष्फोट गराएको आइएसको दाबी

काबुल, १८ वैशाख (रासस/एएफपी)।

इस्लामिक स्टेट्स (आइएस) समूहले आइतवार अफगानिस्तानको राजधानीमा एक महिलाको मृत्यु हुने गरी यात्रुबसमा भएको बम आक्रमणको जिम्मेवारी लिएको छ। हालै जारी रहेको रमजान उपवास महिनामा गएको दुई हप्तायता भएका घातक आक्रमणमा परी दर्जनौं व्यक्ति मारिनुको साथै घाइते भएका समाचारमा जनाइएको छ। राजधानी काबुलमा भएको बस आक्रमणमा परी एक महिलाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएका यहाँको प्रहरीले जनाएको छ। गत शुक्रबारको मस्जिदमा भएको बम विष्फोटको जिम्मा कुनै समूहले लिएको छैन, तर बसमा भएको आक्रमणको जिम्मेवारी आइएसले लिएको छ। विशेष गरी सुन्नी बहुल्लता रहेको स्थानमा अफगानिस्तानको अल्पसंख्यक शिया र सुफी समुदायलक्षित हालैका हप्तामा भएका बम विस्फोटनलगायतका आक्रमणको आइएस समूहले दाबी गर्दै आएका छन्। तालिबान अधिकारीले आफ्नो सेनाले आईएसलाई पराजित गरेको दाबी गर्दै आएका छन्। तर विश्लेषकले जिहादी समूह प्रमुख सुरक्षा चुनौती रहेको बताउँदै आएका छन्। यसैबीच काबुल प्रहरीले रमजानको अन्त्य भएको इद अल-फित्र बिदामा "सुरक्षा सुनिश्चित गर्ने" वाचा गरेको छ।

## अमेरिकी सभामुखको जेलेन्स्कीलाई समर्थन

कीभ, १८ वैशाख (रासस-एएफपी)।

अमेरिकी सभामुख न्यान्सी पेलोसीले युक्रेनको राजधानी कीभको अघोषित भ्रमणका क्रममा राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई समर्थन व्यक्त गरेको अमेरिकी र युक्रेनी अधिकारीले आइतबार बताएका छन्। "हामी विश्वास गर्छौं कि हामी तपाइँको स्वतन्त्रताको लडाइँको लागि धन्यवाद भन्नको लागि तपाईलाई भेट्न आएका छौँ ..म. हाम्रो प्रतिबद्धता लडाइँ समाप्त नभएसम्म तपाइँको साथ रहनेछ," पेलोसीले जेलेन्स्कीलाई सो कुरा उल्लेक गरेको भिडियो सार्वजनिक गरिएको छ।

## निर्वाचन आचार संहिता २०७८मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरु:

**निर्वाचन आचार संहिता राजनीतिक दल, उम्मेदवार लगायत गैरसरकारी संस्था, विद्यालय समेतलाई लागू हुने**

परिच्छेद १ दफा ३ त र थ अनुसार यो आचार संहिता गैरसरकारी संस्थाका पदाधिकारी तथा कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी समेतलाई लागू हुने ।

**निर्वाचन प्रचार प्रसारमा बालबालिकालाई प्रयोग गर्न नहुने**

परिच्छेद २ को दफा ४ छ अनुसार सबैले पालना गर्नु पर्ने आचरण अन्तरगत १८ वर्ष पुरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने

परिच्छेद ४ को दफा १२ ट अनुसार राजनीतिक दल, उम्मेदवार तथा दलका भातृसंगठनले निर्वाचन प्रचार प्रसार, आम सभा तथा जुलुसमा १८ वर्ष उमेर पुरा नभएका बालबालिकालाई प्रयोग गर्न वा गराउन नहुने

**निर्वाचन प्रचार प्रसारमा विद्यालय प्रयोग गर्न नहुने**

१० परिच्छेद २को दफा ४ ग अनुसार कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धि भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने

३० परिच्छेद ३ को दफा ९ क,ग, छ, ञ, अनुसार सामुदायिक विद्यालय तथा शिक्षकहरुले पालना गर्नु पर्ने आचरण अन्तर्गत कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, विद्यालयको सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने , राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**निर्वाचन प्रचार प्रसारमा गैरसरकारी, सरकारी तथा निजी संस्था, पदाधिकारीको प्रयोग हुन नहुने**

परिच्छेद ३ को दफा ११ अनुसार गैरसरकारी तथा निजी संस्थाका पदाधिकारी, कार्यरत कर्मचारीहरुले कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने, राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले जुनसुकै माध्यमबाट दिन सक्ने**

परिच्छेद ९ को दफा ३९ अनुसार आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले मौखिक, लिखित, सामाजिक संजाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, आचारसंहिता अनुगमन समिति, टोली वा अनुगमन अधिकृतलाई उजुरी दिन सक्ने ।

उजुरीकर्ताले चाहेमा निजको नाम नामेशी गोप्य रहने ।

निर्वाचन आचारसंहिता २०७८ मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरुबारे
विद्यालय, शिक्षक, अभिभावक, राजनीतिका दल, उम्मेदवार तथा दलका भातृसंगठन
र बालबालिका समेतलाई सचेत गराऔं
निर्वाचन आचारसहिता पालना भए नभएको अनुगमन गरौं
उल्लङ्घन भएको पाइएमा उजुरी गरौं

Save the Children


# सत्र जिल्लामा मात्रै मतपत्र ढुवानी बाँकी

काठमाडौँ, १८ वैशाख (रासस) ।

स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि मतपत्र ढुवानी गर्न अब १७ जिल्ला मात्र बाँकी रहेको छ । सिन्धुली, रामेछाप र दोलखामा १९ गते बिहान ढुवानी हुनेछ भने अन्य जिल्लामा यसैसातामा पठाइनेछ ।

वैशाख १७ गतेसम्ममा ४९ जिल्लाका लागि ९१ लाख ११ हजार मतपत्र ढुवानी गरिएकामा १८ गते लुम्बिनी प्रदेशका सबै जिल्लाका लागि मतपत्र पठाइएको छ । बाँकी रहेका जिल्लामा मधेश प्रदेशका आठ, प्रदेश नं १ को मोरङ, बागमती प्रदेशको रसुवा, चितवन, ललितपुर, काठमाडौँ र भक्तपुर छन् ।

कर्णाली र सुदूरपश्चिमका सबै जिल्ला, प्रदेश नं १ का मोरङबाहेक सबै जिल्ला र गण्डकीको पोखरा महानगरबाहेक सबै स्थान, बागमती प्रदेशका ५ जिल्लामा मतपत्र पुगिसकेको छ । मनाङ र मुस्ताङ जिल्लामा हेलिकोप्टरबाट मतपत्र ढुवानी गरिएको छ । निर्वाचन आयोगले यही वैशाख १३ गतेबाट मतपत्र ढुवानी सुरु गरेको थियो । यसअघि छ वटा महानगर र भक्तपुर जिल्लाबाहेक ७६ जिल्लाका लागि एक करोड ८० लाख ४५ हजार मतपत्र छपाइ भइसकेकोमा आइतबार भक्तपुर जिल्लाका लागि मतपत्र छपाइ सुरु भएको छ ।

महानगर र भक्तपुरका लागि छापिने मतपत्र उम्मेदवारी मनोनयनपत्र दर्ताको अन्तिम नामावलीका आधारमा पूर्ववत् डिजाइनमा निर्वाचन चिन्ह थपघट गरेर छपाइ हुँदैछ ।

# राजपत्रमा छापियो अनुमोदन भएको एमसिसी सम्झौता

काठमाडौँ, १८ वैशाख (रासस) ।

नेपालको आर्थिक तथा भौतिक पूर्वाधारको विकासका लागि अमेरिकी सरकारबाट प्राप्त हुने सहयोग सम्झौता एमसिसी नेपाल राजपत्रमा प्रकाशित भएको छ ।

कूल ३१२ किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन र झण्डै १०० किलोमिटर लामो सडक परियोजना निर्माणका लागि अमेरिकाबाट प्राप्त हुने अनुदान सहयोगसम्बन्धी सम्झौता गत फागुन १५ गते प्रतिनिधिसभाले अनुमोदन गरेको थियो ।

लामो राजनीतिक विवाद र असहमतिकाबीच प्रमुख राजनीतिक दलले १२ बुँदे व्याख्यात्मक घोषणा गरेर अनुमोदन गरेका थिए । सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसनबीच २०७४ भदौ २९ गते अनुदान सहायता सम्झौता भएको थियो । नेपालको संविधानको धारा २७९ बमोजिम अनुमोदन गरेको र सो को नेपाली र अङ्ग्रेजी भाषाको प्रामाणिक प्रति नेपाल सन्धि ऐन, २०७४ को दफा १२ को प्रयोजनका लागि राजपत्रमा प्रकाशन गरिएको छ ।

ऊर्जा व्यापारलाई सहजीकरण गरी नेपालको विद्युत् ग्रीडमा विद्युत् आपूर्तिको उपलब्धता तथा स्थिरतामा सुधार गरी विद्युत्को उपभोगमा वृद्धि गर्ने र रणनीतिक सडक सञ्जालमा सडकको गुणस्तर कायम गर्ने विषय सो परियोजनाको उद्देश्यका रुपमा रहेको छ । सम्झौता अनुसार एमसिसीले नेपाललाई ४५ करोड ९५ लाख अमेरिकी डलर बराबरको रकम उपलब्ध गराउनेछ । वित्तीय व्यवस्थाका अतिरिक्त थप चार करोड पाँच लाख डलर बराबरको रकम समेत उपलब्ध हुनेछ ।

काठमाडौँको नाङ्लेभारेबाट सुरु हुने ४०० केभी क्षमताको डबल सर्किट प्रसारण लाइन नुवाकोटको रातमाटे, तनहुँको दमौली हुँदै बुटवलको न्यू बुटवल सवस्टेशनमा जोडिनेछ । यस्तै गल्छीबाट अर्को लाइन हेटौँडा जानेछ । नेपालको ऊर्जा क्षेत्रको विकास र विस्तारका लागि महत्वपूर्ण मानिएको एमसिसी सम्झौता अनुमोदनपछि कार्यान्वयनको प्रक्रियामा अगाडि बढेको छ ।

पाँच वर्षभित्र सम्पन्न गर्नुपर्ने समयसीमा हुने भएकाले हाल पूर्व तयारीका सबै काम अगाडि बढिरहेको एमसिए नेपालले जनाएको छ । केही दिन पहिले मात्रै सडक विभागमा सडक निर्माणको गुणस्तरसम्बन्धी प्रयोगशाला स्थापना भएको छ । यस्तै, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसा वन क्षेत्रको जग्गा प्रयोग, मुआब्जा वितरणलगायतको काम समेत सुरु हुने प्रक्रियामा छ ।

नुवाकोटको रातमाटेमा जग्गा प्राप्तिको काम सम्पन्न भइसकेको छ । रातमाटेमा ४०० केभी क्षमताको सवस्टेशन निर्माण हुनेछ । यस्तै, तनुहँ र बुटवलमा समेत सोही क्षमताको सवस्टेशन निर्माण हुनेछ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*